# विराटनगर महानगरपालिका

**बैठक संख्याः ९**
**मितिः २०७४/०८/०८**

**बैठक प्रारम्भः ३:०० बजे**
**बैठक स्थगनः ४:३०**

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको बैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उपप्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देबेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | श्री झरीलाल महतो | |
| १६ | सदस्य | श्री बलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | सदस्य | श्री संजय कुमार साह | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |

| | | | |
|---|---|---|---|
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री राजेश भुजेल | |
| २९ | सदस्य | श्री गायत्री कुमारी दास | |
| ३० | सदस्य सचिव | श्री प्रदीप कुमार निरौला | |

**निर्णय नं. १**

आ.व. २०७४।०७५ को वार्षिक वजेटको व.शि.नं. ६.०५.५ को सि.नं. १२ ''चाडपर्व विशेष परिस्थितिका लागि जनशक्ति परिचालन'' शीर्षकमा विनियोजित वजेट रु. ३ लाखले कार्यालयबाट दशै, तिहार एवं छठ पर्व साथै कार्यलयमा कार्यरत माष्टररोलका जनशक्तिहरुलाई पारिश्रमिक दिन रकम नपुग भएको हुदाँ व.शि.नं. ६.०५.५ को सि.नं. ११ नगर क्षेत्रमा सौर्य बत्ती जडान शीर्षकमा विनियोजित बजेटवाट रु. १५ लाख आगामी सभाबाट अनुमोदन हुनेगरी खर्च गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

आ.व. २०७४।०७५ को निम्ति विनियोजन गरिएको व.शि.नं. ५.०३.१ हिलो-धुलो मुक्त अभियान अन्तर्गत वडा कार्यालय हरुको लागि विनियोजित रकम मध्ये वडाहरुको फर्निचर फर्निसिङ तथा कार्यालय मर्मत सम्भारका लागी वढीमा प्रति वडा रु. २ (दुई) लाखका दरले आगामी सभावाट अनुमोदन गर्ने गरी खर्च गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

यस आ.व. २०७४।०७५ मा सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको कार्य सम्पन्न भई सके पश्चात जाचपास तथा फरफारक गर्नका लागी देहाय बमोजिमको जाचपास तथा फरफारक समिति गठन गर्ने निर्णय गरियो।

संयोजकः श्री उद्धव अर्याल
सदस्यः श्री असलम आलम
सदस्यः सम्बन्धित वडाको वडाध्यक्ष
सदस्य सचिवः ई. श्री गोपाल पोखरेल
स. सदस्य सचिवः श्री सुमन दाहाल

**निर्णय नं. ४**

जननिर्वाचित प्रतिनिधिज्युहरुको बहालीसँगै २०७४।०३।२९ गते को कार्यपालिकाको निर्णय नं. २ मा पक्की तथा ग्राभेल सडकमा रहेको खाल्डाखुल्डी मर्मत गरी तत्काल राहत उपलब्ध गराउने निर्णय बमोजिम जनताको मागलाई समेत मध्यनजर गरी ताहाँबाट आफ्नो वडाको कुन-कुन सडकमा के कति गिट्टी हालेको हो एकिन गरी वडा समितिको निर्णय सहित पूर्ण जवाफदेहिता रहने गरी सोको विवरण कार्यालयलाई उपलब्ध गराई भुक्तानी प्रकियालाई अघाडि बढाउने निर्णय गरियो।

**निर्णय नं. ५**

विराटनगर महानगरपालिका क्षेत्रभित्र राखिने विज्ञापन सामाग्रीको व्यवस्थापन तथा विज्ञापन कर आ.व. २०७४।०७५ र २०७५।०७६ ( दुई वर्ष) सङ्कलन गर्नका लागि न्यूनतम अंक ८४,३५,००।०० (अक्षेरुपी रू. चौरासी लाख पैंतिस हजार मात्र) तोकी शिलवन्दी बोलपत्र माग गर्नका लागि सार्वजनिक सुचना प्रकाशन गर्ने निर्णय गरियो। तर सार्वजनिक हितका लागि सौर्य बत्ती जडान गर्ने/गराउनेले भने उक्त पोलमा विज्ञापन राख्न पाउने छ।

**निर्णय नं. ६**

विराटनगर महानगरमालिकाका प्रमुख प्रशासकिय अधिकृतको सवारी चालक र स्काइभेटर चालक कार्यालय समयभन्दा अतिरिक्त समय काम गराउनुपर्ने भएकाले ५०% भत्ता दिन मुनासिव देखिएको हुँदा दिने निर्णय गरियो। साथै उपप्रमुखको कार्यकक्षमा सहयोगीको रुपमा कार्यरत का.स. राजु श्रेष्ठलाई मासिक ५ (पाँच) दिनको अतिरिक्त समय भत्ता दिने निर्णय गरियो। साथै फोहर मैला व्यवस्थापन शाखा प्रमुखले विहान देखी नै कार्यालयको काममा खटिनु पर्ने भएकाले ५०% भत्ता दिन मुनासिव देखिएको हुँदा दिने निर्णय गरियो। साथै दमकलमा कार्यरत क्रमचारीहरुमाई मासिक ३ (तिन) दिन को अतिरिक्त समय भत्ता दिने निर्णय गरियो।

**निर्णय नं. ७**

वातावरण तथा विपद व्यसथापन समितिको वैठक संख्या ४ मिति २०७४।०६।०२ गतेको निर्णय वमोजिम फोहोरमैला व्यवस्थापन कार्य गर्ने साझेदार संस्था वेष्ट मेनेजमेन्ट ग्रुप नेपाल र जेभीले गर्ने गरेको कार्यको अनुगमन तपसिल बमोजिमको समितिले गर्ने तथा सो बमोजिमको **Social audit** का आधारमा उक्त समितिले विपद व्यवस्थापन समितिमा मासिक भुक्तानीका लागि पेश गर्ने र वातावरण तथा विपद व्यवस्थापन समितिको सिफारिस बमोजिम बिल बनाई साझेदार संस्थालाई भुक्तानी दिने निर्णय गरियो। साथै यसअघिको भुक्तानी पुरानै समितिको सिफारिसको आधारमा गर्ने निर्णय गरियो।

**तपसिलः**

**क्षेत्र नं. १:**

१. वडा अध्यक्ष – श्री बद्रीनारायण सरदार – संयोजक
२. टोल विकास संस्थाको प्रतिनीधि – सदस्य
३. नागरिक वडा मञ्चको प्रतिनीधि – सदस्य
४. पत्रकार महासंघको प्रतिनीधि – सदस्य
५. वातावरण संघसंस्थाको प्रतिनीधि – सदस्य
६. वेष्ट मेनेजमेन्ट ग्रुप नेपाल प्रा.लि. र जे.भी. प्रतिनीधि – सदस्य
७. वातावरण शाखा-प्रशासन – सदस्य सचिव

क्षेत्र नं. २:

१. वडा अध्यक्ष – श्री निश्चल अर्याल – संयोजक
२. टोल विकास संस्थाको प्रतिनीधि – सदस्य
३. नागरिक वडा मञ्चको प्रतिनीधि – सदस्य
४. पत्रकार महासंघको प्रतिनीधि – सदस्य
५. वातावरण संघसंस्थाको प्रतिनीधि – सदस्य
६. वेष्ट मेनेजमेन्ट ग्रुप नेपाल प्रा.लि. र जे.भी. प्रतिनीधि – सदस्य
७. वातावरण शाखा-प्रशासन – सदस्य सचिव

क्षेत्र नं. ३:

१. वडा अध्यक्ष – श्री झरीलाल महतो – संयोजक
२. टोल विकास संस्थाको प्रतिनीधि – सदस्य
३. नागरिक वडा मञ्चको प्रतिनीधि – सदस्य
४. पत्रकार महासंघको प्रतिनीधि – सदस्य
५. वातावरण संघसंस्थाको प्रतिनीधि – सदस्य
६. वेष्ट मेनेजमेन्ट ग्रुप नेपाल प्रा.लि. र जे.भी. प्रतिनीधि – सदस्य
७. वातावरण शाखा-प्रशासन – सदस्य सचिव